जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३०७ पृष्ठः ४ | २०८२ चैत्र १९ बिहीबार (Thursday 02 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा आर्थिक गणना २ वैशाखदेखि



सिरहा, १८ चैत्र। सिरहामा आगामी २ वैशाखदेखि राष्ट्रिय आर्थिक गणना सुरु हुने भएको छ। जिल्ला स्तरीय सचेतना गोष्ठीमार्फत उक्त जानकारी सार्वजनिक गरिएको हो। प्रमुख तथ्यांक अधिकृत विमल यादवका अनुसार आर्थिक गणना २ वैशाखदेखि ७ असारसम्म सञ्चालन हुनेछ। यस अवधिमा जिल्लाभर रहेका आर्थिक गतिविधिसँग सम्बन्धित सम्पूर्ण एकाइ—प्रतिष्ठान तथा व्यवसायको विस्तृत विवरण संकलन गरिनेछ।

गणनाका क्रममा व्यवसायहरूको ठेगाना, दर्ता तथा स्वामित्व स्थिति, सञ्चालन अवधि, प्रमुख आर्थिक क्रियाकलाप, रोजगारीको अवस्था, व्यवसायको प्रकार, लगानी, ऋणमा पहुँच, बीमा लगायतका विषय समेटिने छन्। ढुङ्गा, बालुवा तथा खनिज उत्खनन, लघु तथा ठूला उद्योग, निर्माण, विद्युत् उत्पादन तथा वितरण, खानेपानी तथा सिँचाइ, फोहोर व्यवस्थापन, होटल तथा लज, यातायात, सूचना तथा सञ्चार, थोक तथा खुद्रा व्यापार, बैंक तथा वित्तीय संस्था, घरजग्गा कारोबार, शैक्षिक तथा स्वास्थ्य संस्था गरी १८ प्रकारका आर्थिक क्रियाकलाप समेटिने बताइएको छ। यादवका अनुसार जिल्लामा ६० जना गणक परिचालन गर्ने तयारी छ।

## गोलबजारमा 'जिवनका लागि पोषण' कार्यक्रमको परिचयात्मक कार्यक्रम सम्पन्न



गोलबजार, १८ चैत। दलित विकास मञ्च गोलबजारद्वारा सञ्चालित 'जिवनका लागि पोषण' कार्यक्रमको पालिका स्तरीय परिचयात्मक कार्यक्रमम सम्पन्न भएको छ। हेलन केलरको सहयोग र गोलबाजर नगरपालिकाको समन्वयमा सञ्चालन हुन लागेको 'जिवनका लागि पोषण' कार्यक्रमको मंगलबार एक समारोहको आयोजना गरी परिचयात्मक कार्यक्रम सम्पन्न भएको हो।

परिचयात्मक कार्यक्रममा प्रमुख श्याम कुमार श्रेष्ठ, उपप्रमुख माल्ति देवी साह, प्रमुख प्रशासकीय अधिकृत अन्नत कुमार पौडेल,

**–बाँकी अन्तिम पेजमा**

## प्रादेशिक अस्पताल जलेश्वरमा 'डायलाइसिस सेवा' सुरु

महोत्तरी, १८ चैत्र। महोत्तरी सदरमुकाम जलेश्वरस्थित अवस्थित प्रादेशिक अस्पतालमा 'डायलाइसिस' सेवा सुरुआत भएको छ। मधेस प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री जङ्गीलाल राय, सचिव डा प्रमोदकुमार यादव र प्रादेशिक अस्पताल जलेश्वरका निमित्त कार्यालय प्रमुख डा रवि श्रीवास्तवले सो सेवाको आज संयुक्त रूपमा शुभारम्भ गर्नुभयो।

मधेस प्रदेश सरकारले तीन वर्षअघि नै मिर्गौलाका बिरामीलाई थप सहज बनाउन छ थान 'डायलाइसिस मेसिन' उपलब्ध गराएको थियो। तत्कालीन समयमा दक्ष जनशक्ति नहुँदा प्रयोगमा आउन सकेको थिएन। अस्पताल प्रमुख डा रवि श्रीवास्तवले अहिले छ थान 'डायलाइसिस मेसिन'मध्ये पाँच थान प्रयोगमा आएका छन् भने एक थान आकस्मिक प्रयोजनका लागि राखिएको जानकारी दिनुभयो।

## वडाले गराएकको निःशुल्क स्वास्थ्य शिविरमा ३६१ जनाले गराए उपचार



सिरहा, १८ चैत्र। गोलबजार नगरपालिका १३ दुर्गापुरमा एक दिवसिय निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविर बुधबार सम्पन्न भएको छ। वडाको आयोजनामा सम्पन्न शिविरमा २५४ महिला र १०७ पुरुषसहित ३६१ जनाले गराए उपचार गराएका छन्।

वडाको आफ्नै योजना अनुसार सम्पन्न शिविरमा स्थानीय विपन्न, महिला तथा वृद्धवृद्धाले उपचार गराएका हुन्।

यस वडामा गरिव, विपन्न विदेशमा रहेका युवाहरुका बृद्ध आमाबुवालाई वाहिर उपचार गर्न लानसक्ने अवस्था कम भएकाले वडाले शिविरको आयोजना गरेको वडा अध्यक्ष नन्दकुमार महतोले जानकारी दिए। उनले भने, 'हाम्रो वडामा विपन्नको संख्या धेरै छ। उहाँहरु सामान्य अवस्थामा उपचारको लागि बाहिर जान सक्नुहुन्न। अर्को युवाहरु विदेशमा रहेकाले उनका परीवारका वृद्धवृद्धाहरुलाई बाहिर उपचार

**–बाँकी तीन पेजमा**




# यौन हिंसाबाट बचौं र बचाऔं:

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सामाजिक सञ्जालबाट मानसिक हिंसा

अहिले सामाजिक सञ्जालमा बढ्दैगएको अराजक तथा उच्छृङ्खल हर्कत रोकिएन भने त्यसले पीडित र पीडकमात्र होइन समाजलाई नै अपूरणीय हानि हुने देखिन्छ। केही समय यता नेपालका राजनीतिक व्यक्ति र तिनका समर्थकविरुद्ध सामाजिक सञ्जालहरूमा चरम घृणा र द्वेषपूर्ण अभिव्यक्तिको बाढी नै आएको छ। अभिव्यक्ति स्वतन्त्रतालाई बढी नै महत्त्व दिइने अमेरिकी समाजमा समेत अदालतले नै सामाजिक सञ्जाललाई कुलत लगाउने र जानकारी नदिने अपराधमा दोषी ठहर गरी क्षतिपूर्ति एवं जरिवाना तिराउने निर्णय गरेको छ। नेपालमा भने एउटा राजनीतिक दल विशेषका समर्थकहरू नै अर्को दलको नेता वा समर्थकको चरित्रहत्या गर्न प्रवृत्त देखिएका छन्।

हुन त मनोविज्ञानले घृणा र भ्रम फैलाएर रमाउने परपीडकहरूलाई मनोरोगी भन्छ। अरू माध्यमबाट घृणा र भ्रम फैलाउने मनोरोगीहरू सुधारगृहमा राखिन्छन्। सामाजिक सञ्जालका मनोरोगीहरू भने अनुहार लुकाउने सुविधा र भौगोलिक बन्धनले नछेक्ने कारणले पनि बढी अराजक भएका हुन्। सामाजिक सञ्जालमार्फत् फैलाइने घृणा र गरिने आक्रमणमा पीडित भने प्रायः महिलाहरू हुनेगरेका छन्। उनीहरूप्रति लक्षित यौन हिंसात्मक टिप्पणी प्रकारान्तरले लैङ्गिक हिंसा त हो नै त्यो मानसिकरूपमा गरिएको यौन हिंसा पनि हो। विडम्बना, कानुनतः अपराध भए पनि यस्ता हिंसाका पीडकहरूमाथि खासै कारबाही हुँदैन। असहमति स्वीकार गर्न नसक्ने अलोकतान्त्रिक प्रवृत्तिका मानिसहरू बढी नै असहिष्णु हुन्छन्। यस्ता व्यक्तिहरू आफ्नो पक्ष शिष्टतापूर्वक राख्न होइन अरूको चरित्रहत्या गर्ने नकारात्मक प्रवृत्तिका हुन्छन्। सामाजिक सञ्जालहरूमा आक्रामक र असहिष्णु देखिने परपीडकहरू यही कोटीका अपराधी हुन्।

यस्तो प्रवृत्ति प्रोत्साहित हुँदा समाज नै विषाक्त हुनपुग्छ ता पनि राजनितिक नेताहरूले बेलाबखत दुरुत्साहित गर्ने गरेको उदाहरणहरू भेटिन्छ। तत्कालीन प्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी ओलीले आफ्ना कार्यकर्तालाई विपक्षीमाथि 'अरिङ्गाल' बनेर जाइलाग्न गरेको आह्वान एकताका निकै आलोचित बनेको प्रसङ्ग स्मरणीय छ। विडम्बना, अहिले तिनै ओलीका समर्थकहरूविरुद्ध सामाजिक सञ्जालमा बढी नै घृणा र द्वेष पोखिएको छ। विशेषगरी ओलीका समर्थक युवतीहरूविरुद्ध बढी नै आपत्तिजनक र आक्रामकरूपमा सामाजिक सञ्जालमार्फत् प्रहार भएको देखिन्छ। पीडकहरू प्रायः अहिलेको सत्तारुढ दलका समर्थक देखिन्छन्। विना स्पष्ट प्रमाण राष्ट्रिय स्वतन्त्र पार्टी वा यसका कुनै नेताको इसारामा नै यसरी 'डिजिटल हिंसा' भएको हो भन्नु त न्यायोचित नहोला। तर, सामाजिक सञ्जालमा रास्वपालाई समर्थन गर्नेहरू नै पछिल्ला आक्रमणहरूमा संलग्न देखिँदा रास्वपातिर औँला तेर्सिनु अस्वाभाविक भने होइन।

राजनीतिक दलहरूले आफ्ना कार्यकर्ता र समर्थकहरूलाई 'डिजिटल साक्षरता' र 'शिष्टता'को प्रशिक्षण दिनुपर्छ। विपक्षीलाई गाली गर्नु नै वीरता हो भन्ने भ्रम हटाउन नेतृत्व नै स्पष्ट हुनु जरुरी देखिन्छ। यसैगरी साइबर अपराधसम्बन्धी विद्यमान कानुनलाई परिमार्जन गरी सामाजिक सञ्जालमा हुने लैङ्गिक हिंसा र चरित्रहत्यालाई दण्डनीय बउनुपर्छ। साथै सरकारले सामाजिक सञ्जालका प्लेटफर्महरूसँग सहकार्य गरी जाली (फेक) एकाउन्ट र भ्रामक सामग्री हटाउने प्रभावकारी प्राविधिक संयन्त्र निर्माण गर्नुपर्छ। डिजिटल हिंसाका पीडितहरूका लागि उजुरी प्रक्रिया सहज बनाउने र उनीहरूको गोपनीयता एवं मानसिक स्वास्थ्यको सुरक्षामा ध्यान दिनु पनि उत्तिकै आवश्यक देखिन्छ।


## सर्टिफिकेट हराएको सूचना

यही मिति २०८२।१२।११ गतेका दिन लहान–१ बाट जे.एस. मुरारका बहुमुखी क्याम्पस जाने क्रममा प्रियंका कुमारी दास नाम गरेको त्रिभुव विश्वविद्यालयको ट्रान्सक्रिप्ट तथा प्रोभिजनल सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निवदेकलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**नाम : प्रियंका कुमारी दास**
**ठेगाना : लहान न.पा.–१, सिरहा**
**रजिष्ट्रशन नं.: ७–२–२२५–२१६–२०२०**
**मोबाईल नं. : ९८०५९७६५७३**


# न्यायिक नेतृत्वमा इतिहासकै दोस्रो महिला सपना प्रधान मल्ल

काठमाडौँ, १८ चैत्र। नेपालको न्यायिक इतिहासमा दोस्रोपटक महिलाले नेतृत्व गर्ने अवसर पाएको छ। सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले आजदेखि कायममुकायम (कामु) प्रधानन्यायाधीशका रूपमा जिम्मेवारी सम्हाल्नुभएको छ। यसअघि, पहिलोपटक न्यायिक नेतृत्वको इतिहासमा महिला प्रधानन्यायाधीशमा सुशीला कार्कीले नेतृत्व गर्नुभएको थियो। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत ६५ वर्षे उमेरहदका कारण मङ्गलबार सेवानिवृत्त भएपछि वरिष्ठतम् न्यायाधीश मल्लको काँधमा कामु प्रधानन्यायाधीशको जिम्मेवारी आइपुगेको हो।

प्रधानन्यायाधीशको पद रिक्त भएमा सर्वोच्च अदालतको वरिष्ठतम् न्यायाधीशले कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्ने संवैधानिक व्यवस्था छ। नेपालको संविधानको धारा १२९ (६) मा प्रधानन्यायाधीश अवकाश भएपछि वरिष्ठतम् न्यायाधीशले स्वतः कामु प्रधानन्यायाधीश हुने व्यवस्था गरिएको छ। न्याय परिषद्ले गत फागुन २६ गते प्रधानन्यायाधीश बन्न योग्यता पुगेका सर्वोच्च अदालतका छ जना न्यायाधीशको सूची संवैधानिक परिषद्मा पठाएको थियो। प्रधानन्यायाधीशका लागि परिषद्ले वरिष्ठतम् न्यायाधीश मल्लसहित, न्यायाधीशहरू कुमार रेग्मी, हरि फुँयाल, डा मनोजकुमार शर्मा, डा नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम सिफारिस गरेको थियो।

नेपालको संविधान अनुसार, सर्वोच्च अदालतमा तीन वर्ष न्यायाधीश भएको र ६५ वर्ष उमेर नपुगेको व्यक्ति प्रधानन्यायाधीश हुन पाउने योग्यता पुगेको मानिन्छ। प्रधानन्यायाधीशको पद रिक्त हुनुभन्दा एक महिनाअघि नै संवैधानिक परिषद्ले नयाँ प्रधानन्यायाधीशको नाम प्रस्ताव गर्नुपर्छ। तर प्रतिनिधिसभा विघटन भएसँगै संवैधानिक परिषद्को बैठक बस्न सकेको छैन्। सभामुख, उपसभामुख, प्रमुख विपक्षी दलको नेताको पद रिक्त भएकाले संवैधानिक परिषदले नयाँ प्रधानन्यायाधीशको नाम सिफारिस गर्न नसकेको बताइएको छ।

संसदीय सुनुवाइ विशेष समितिमा संसदीय सुनुवाइबाट अनुमोदन भएपछि मात्रै राष्ट्रपतिले प्रधानन्यायाधीश नियुक्ति गर्ने व्यवस्था छ। प्रतिनिधिसभाको निर्वाचनपछि संसद्को अधिवेशन बिहीबारदेखि सुरु हुने र सभामुख/उपसभामुखको निर्वाचनको प्रक्रिया सुरु हुन बाँकी रहेकाले सुनुवाइ समितिको गठनमा अझै केही हप्ता लाग्न सक्ने देखिन्छ।

**कामु प्रधानन्यायाधीश सपना**

बुबा गोविन्दबहादुर प्रधान र आमा राधा प्रधानको कोखबाट विसं २०२० कात्तिक २९ गते शुक्रबार थापाथली काठमाडौँमा जन्मिनुभएकी कामु प्रधानन्यायाधीश मल्ल २०७३ साल साउन १७ गते सर्वोच्च अदालतको न्यायाधीश हुनुभएको थियो। उहाँ त्रिभुवन विश्वविद्यालयको नेपाल ल क्याम्पसबाट कानुन विषयमा स्नातक र दिल्ली विश्वविद्यालयबाट कानुन विषयमा नै स्नातकोत्तर गर्नुभएको छ। संयुक्त राज्य अमेरिकाको हार्वर्ड विश्वविद्यालयबाट जनप्रशासनमा समेत उहाँ स्नातकोत्तर गर्नुभएको हो।

विसं २०४५ देखि कानुन व्यवसायमा सक्रिय भएर काम गर्नुभएकी कामु प्रधानन्यायाधीश सपनासँग दुई वर्ष नेपाल ल क्याम्पसमा कानुन पढाउनुभएको अनुभव पनि छ। अधिवक्ता भएर काम गर्दागर्दै २०६९ सालमा उहाँले वरिष्ठ अधिवक्ताको उपाधि प्राप्त गर्नुभएको थियो। कामु प्रधानन्यायाधीश सपनाको दर्जनौँ शोध र लेखहरू प्रकाशित भएका छन्। कानुनका क्षेत्रबाट महिला अधिकारको संरक्षण, महिला हिंसा नियन्त्रण, सामाजिक न्याय, महिलामा लगानी, महिलाको सम्पत्तिको अधिकार आदि धेरै विषयमा राष्ट्रिय/अन्तरराष्ट्रिय दैनिक तथा जर्नलहरूमा लेखसमेत उहाँले लेख्नुभएको छ। सर्वोच्च अदालतमा न्यायाधीशका रूपमा कार्यरत हुँदा उहाँले लैङ्गिक न्याय, लैङ्गिक एवं घरेलु हिंसा एवं संवैधानिक मामिला जोडिएका कैयौँ मुद्दामा दूरगामी असर पार्ने नजिर पनि प्रतिपादन गर्नुभएको थियो।

**न्यायिक नेतृत्वसम्म आइपुग्दा सपनाका सङ्घर्ष**

सर्वोच्च अदालतको न्यायाधीश हुनुभन्दा अगाडि उहाँ विभिन्न अन्तरराष्ट्रिय सङ्घसंस्था, कानुन न्याय एवं मानवअधिकारका विषयमा काम गरिसक्नुभएको छ। कानुनकै विद्यार्थी भएको हुनाले कामु प्रधानन्यायाधीश मल्लले २०६४ देखि २०६९ सालसम्म संविधानसभा सदस्य भएर पनि काम गरिसक्नुभएको छ। संयुक्त राष्ट्रसङ्घको यातनाविरुद्धको समितिमा विज्ञ सदस्य भएरसमेत उहाँले काम गरिसक्नुभएको हो। यसका साथै कामु प्रधानन्यायाधीश मल्लललेे कानुनका क्षेत्रसँग सम्बन्धित धेरै सङ्घसंस्थामा आबद्ध भएर काम गरिसक्नुभएको छ। न्यायाधीश महिला समाजको संयोजक भएर काम गरिसक्नुभएको उहाँले वातावरणसमबन्धी विश्वव्यापी न्यायिक संस्थानको महासचिव भएर पनि काम गरिसक्नुभएको छ।

त्यस्तै सार्क कानुन नेपाल अध्ययनको अध्यक्ष, अन्तरराष्ट्रिय महिला न्यायाधीश सङ्घको सदस्य, वातावरण न्यायसम्बन्धी विश्वको आयोगको सदस्य, नेपाल बार एसोसिएसनको सदस्यका साथै विभिन्न पदमा रहेर उहाँले काम गरिसक्नुभएको हो। वरिष्ठ अधिवक्ता तथा संविधासभा सदस्यसमेत भएर काम गर्नुभएकी कामु प्रधानन्यायाधीश मल्लले नेपाल सरकारको दशौँ योजनामा समावेश गर्ने योजना र कार्ययोजनाको विकासमा संलग्न हुनुहुन्थ्यो। मानव बेचबिखन विधेयक, राष्ट्रिय महिला आयोग विधेयक तथा उत्तराधिकार अधिकार विधेयक र वैदेशिक रोजगार विधेयक, यौन उत्पीडनविरोधी कानुन र लैङ्गिक समानता विधेयकलगायत कानुन सुधार पहलहरूलगायत धेरै कानुनी क्षेत्रमा योगदान पुर्‍याउनुभएको छ।

सर्वोच्च अदालतमा कार्यरत रहँदा व्यवस्थापन तथा प्रकाशन समितिलगायतका धेरै समितिमा रहेर उहाँले नेतृत्व गरिसक्नुभएको छ। प्रधानन्यायाधीश भएमा उहाँ २०८५ कात्तिक ३० गते ६५ वर्षे उमेरहदबाट अवकाश हुनुपर्नेछ।

# गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा उडान विस्तारको तयारी

रुपन्देही, १८ चैत्र। गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउने लक्ष्यसहित उडान विस्तार र अन्तरराष्ट्रिय वायुसेवा कम्पनी आकर्षित गर्ने नयाँ रणनीति अघि सारिएको छ। विमानस्थल व्यवस्थापनले आगामी हिउँदे तालिकादेखि अन्तरराष्ट्रिय उडान सङ्ख्यामा उल्लेख्य वृद्धि गर्ने तयारी थालिएको जनाएको हो।

विमानस्थलका महाप्रबन्धक श्यामकिशोर साहका अनुसार हाल सीमित रूपमा सञ्चालन भइरहेको अन्तरराष्ट्रिय उडानलाई व्यवस्थित गर्दै नियमितता दिन विशेष पहल भइरहेको छ। “हामी गर्मीयामको तालिकादेखि उडान सङ्ख्या बढाउने लक्ष्यसहित वायुसेवा कम्पनीहरूसँग समन्वय गरिरहेका छौँ”, उहाँले राससससँग भन्नुभयो।

हालसम्म थाई एयर एसियाको उडानमार्फत बौद्ध धर्मावलम्बीलाई लक्षित सेवा दिँदै आइएको थियो। पछिल्लो हिउँदे तालिकामा सातामा दुई दिन सञ्चालन गरिएको उक्त उडानलाई आगामी याममा थप विस्तार गर्ने तयारी भइरहेको विमानस्थल प्रशासनले जनाएको छ। लुम्बिनी–गयाजस्ता बौद्ध सर्किटलाई जोड्ने उडान विस्तारले धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

विमानस्थलको प्रभावकारी उपयोगका लागि ‘फिफ्थ फ्रिडम’ उडान अवधारणा अघि सारिएको विमानस्थलका महाप्रबन्धक साहले उल्लेख गर्नुभयो। यस व्यवस्थाअनुसार विदेशी वायुसेवा कम्पनीले भैरहवालाई ट्रान्जिट विन्दु बनाउँदै तेस्रो मुलुकसम्म उडान सञ्चालन गर्न सक्नेछन्। उदाहरणका रूपमा कतार एयरवेजजस्ता वायुसेवाले दोहा–भैरहवा–तेस्रो देश र पुनः सोही मार्गमार्फत उडान सञ्चालन गर्न सक्ने सम्भावना रहेको उहाँले बताउनुभयो।

यस सम्बन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरणले आवश्यक नीतिगत तथा प्राविधिक तयारी अघि बढाइएको जनाएको छ। सरकारी तहबाट शीघ्र आवश्यक निर्णय हुने अपेक्षा रहेको महाप्रबन्धक साहले बताउनुभयो। “अहिले पनि कतार एयरवेजले कतारबाट नभई अन्य मुलुकबाट उडान गरिरहेको छ, हामीले कतार एयरवेजलाई भैरहवाबाट नै ‘फिफ्थ फ्रिडम’ अनुरुप उडान गर्नेगरी तयारी गरिरहेका छौँ”, उहाँले भन्नुभयो, “यस विषयमा शीघ्र मन्त्रिपरिषद्ले निर्णय गर्नेमा हामी विश्वस्त छौँ।”

उडान सङ्ख्या वृद्धि गर्ने अर्को महत्त्वपूर्ण योजनाअन्तर्गत नेपाल वायुसेवा निगमको एउटा जहाज भैरहवामा ‘बेस’ राख्ने तयारी गरिएको विमानस्थलका महाप्रबन्धक साहले जानकारी दिनुभयो। यसले यहाँबाट अन्तरराष्ट्रिय उडान सञ्चालनलाई नियमित र भरपर्दो बनाउन सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।


रुपन्देही निर्वाचन क्षेत्र नं ४ का प्रतिनिधिसभा सदस्य कन्हैया बनियाँले अबको केही दिनमा नेपाल एयरलाइन्सले भैरहवालाई बेस बनाएर उडान गर्ने बताउनुभयो।

हाल वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको आवागमन सहज बनाउन विभिन्न चार्टर उडान सञ्चालन भइरहेका छन्। कुवेत एयरवेजले कुवेत सिटी–भैरहवा उडानमार्फत नेपालीलाई स्वदेश ल्याइरहेको छ भने साउदी अरबको दमामबाट पनि उडान अनुमति प्रक्रियामा रहेको जानकारी विमानस्थलका महाप्रबन्धक साहले दिनुभयो। उहाँका अनुसार चार्टरसँगै नियमित उडानलाई पनि समान रूपमा प्राथमिकता दिइनेछ। “चार्टर र नियमित दुवै उडानलाई निरन्तरता दिन हामी प्रतिबद्ध छौं, शीघ्र

**–बाँकी अन्तिम पेजमा**

# भोजराज प्रतिवेदन कार्यान्वयन भएन, गुठीका हजारौं बिघा जग्गा फर्काउन सकिएन

**दुई दशकअघि सरकारले जनकपुरधामको गुठी, मठ–मन्दिर तथा सार्वजनिक पोखरीको अतिक्रमित जग्गाबारे छानबिन गर्न बनेको समितिले प्रतिवेदन तयार पारे पनि कार्यान्वयन हुन सकेको छैन।**



**शैलेन्द्र महतो**

जनकपुरधाम, १८ चैत्र। जनकपुरधाम बजार क्षेत्रमा अधिकांश गुठीको जग्गा छ। गुठी, मन्दिर, कुट्टीका सार्वजनिक जग्गा धेरै अतिक्रमण भइसकेको छ। बाँकी रहेका जग्गा पनि अतिक्रमणको चपेटामा छन्। जनकपुरधाममा बाँकी रहेका सार्वजनिक जग्गाको पनि संरक्षण तथा सम्बर्द्धन हुन सकेको छैन। न त अतिक्रमण भएका हजारौं बिघा गुठीका जग्गा फर्काउन सकिएको छ। दुई दशकअघि सरकारले जनकपुरधामको गुठी, मठ–मन्दिर तथा सार्वजनिक पोखरीको अतिक्रमित जग्गाबारे छानबिन गर्न बनेको समितिले प्रतिवेदन तयार पारे पनि कार्यान्वयन हुन सकेको छैन।

तत्कालीन श्री ५ को सरकारको निर्देशनमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा २६ साउन २०६२ मा भोजराज घिमिरेको संयोजकत्वमा उच्चस्तरीय कार्यालय गठन गरिएको थियो। गठित कार्यदलको प्रतिवेदनअनुसार जनकपुरधाममा २५ गुठीका ९ हजार ८४६ बिघा १२ कट्ठा जग्गा अतिक्रमणमा परेको निष्कर्ष थियो। जुन अर्बौं मूल्य बराबरका हुन्। यी जग्गा निजीकरण भइसकेको त्यस बेलाको गठित कार्यादलको निष्कर्ष छ। उक्त प्रतिवेदन कार्यान्वयनमा नआउँदा गुठीसँगै, जनकपुरधामका जानकी मन्दिर लगायतका मठ–मन्दिर, धार्मिक ऐतिहासिक सार्वजनिक पोखरीसमेत लोप हुने अवस्थामा पुगेका छन्।

प्रतिवेदनअनुसार नगर क्षेत्र भित्र रहेका ४९ पोखरीमध्ये पाँच वटा पूर्ण रूपमा हराइसकेका छन् भने कूल ८२ पोखरीमध्ये करिब ३२.८ प्रतिशतले अस्तित्व गुमाइसकेका छन्। कयौं पोखरीहरू पुरेर भवन निर्माण गरिएको छ। जानकी मन्दिरको नाममा रहेको जग्गासमेत अनाधिकृत रूपमा बिक्री गरिएको पाइएको प्रतिवेदनमा उल्लेख छ। मन्दिरका महन्थहरूले विभिन्न कित्ताहरू न्यून मूल्यमा बिक्री गरेको प्रतिवेदनमा उल्लेख छ। उक्त प्रतिवेदनको परिचयमा गठित कार्यदलका संयोजक घिमिरेले २०६२ माघ १० गते सरकारलाई बुझाएको प्रतिवेदनमा समयमा कार्यदलको प्रतिवेदन मुर्त रूप दिने अपेक्षा राखेका थिए।

'यो प्रतिवेदनमा दिइएका सुझावहरू समयसापेक्ष हुने भएकाले समयसँगै ती पनि परिवर्तन हुन सक्छन्। त्यसर्थ, कार्यान्वयन पनि सँगसँगै हुन सकेन भने समयको अन्तरालमा सुझावको महत्व पनि फरक भइसकेको हुनसक्छ,' घिमिरेले प्रतिवेदनको परिचयमा लेखेका छन्। उनले अगाडि लेखेका छन्, 'अतः श्री ५ को सरकारले प्रतिवेदनको सिफारिसलाई कार्यान्वयन गर्ने दिशामा यथाशीघ्र अग्रसरता देखाई कार्यदल गठन एवं प्रतिवेदनको औचित्यलाई मुर्त रूप दिनेछ भन्ने कुराप्रति समेत म विश्वस्त छ।'

प्रतिवेदनमा उनले स्थानीय स्रोतलाई प्रस्ताव गरिएअनुसारका धार्मिक पर्यटकीय विकास कार्यक्रममा लगानी गरी कार्यक्रम सञ्चालन भएमा थागामी १० वर्ष भित्रमा जनकपुर स्वच्छ, सफा एवं नमुना नगरी हुने विश्वास लिएका थिए। तर, राजतन्त्रको अन्त्य भई देशमा लोकतन्त्र, गणतन्त्र आएको दुई दशक हुन लाग्दा पनि अझैसम्म भोजराज प्रतिवेदन कार्यान्वयन भएको छैन। अझैसम्म पजकपुरमा अतिक्रमित गुठी तथा सार्वजनिक जग्गा, पोखरी, पाटी–पौवालाई मुक्त गराई अतिक्रमण गर्नेहरूलाई कानुनी दायरामा ल्याउन सकिएको छैन।

हालसम्म सरकारले प्रतिवेदन कार्यान्वयन नगर्दा नागरिक निराश छन् भने अतिक्रमण गर्ने भूमाफिया र मन्दिर तथा कुट्टीका महन्थहरूको रजगज छ। अधिवक्ता राहुल झा जकपुरधामले देशकै सबैभन्दा ठूलो गुठीको जग्गा घोटालाको साक्षी बन्नु परेको बताउँछन्। 'जनकपुर देशकै सबैभन्दा ठूलो गुठी जग्गा घोटालाको साक्षी बनेको छ। जहाँ लगभग ९ हजार बिघा जग्गा अतिक्रमित छ,' उनले भने। दुई वर्षअघि तत्कालीन गृहमन्त्री रवि लामिछानेले गुठीका जग्गामाथि पहलकदमी लिने बताएका थिए। अहिले रास्वपाकै सरकार बनेकोले यस्ता अतिक्रमित जग्गाको संरक्षण र संरक्षण सुनिश्चित गर्न सरकारको भूमिका हुनुपर्ने झाको माग छ।

# गृहमन्त्री गुरुङद्वारा प्रहरीलाई जिम्मेवारी बहन गर्न निर्देशन

काठमाडौं, १८ चैत्र। गृहमन्त्री सुधन गुरुङले जिल्ला प्रहरी परिसर कार्यालय काठमाडौंको निरीक्षण गर्नुभएको छ। उहाँले आज प्रहरी कार्यालयको निरीक्षण गर्दै जिम्मेवार र पारदर्शी भएर जनहितमा काम गर्न प्रहरी कर्मचारीलाई निर्देशन दिनुभयो। उहाँलाई उच्चपदस्थ प्रहरी कर्मचारीले स्वागत गर्नुभएको थियो।

गृहमन्त्री गुरुङले निरीक्षणपछि प्रहरीलाई समाजमा शान्ति, सुरक्षा, अमनचयन कायम गर्न/गराउन आफ्नो भूमिका जिम्मेवारीपूर्वक बहन गर्न निर्देशन दिनुभयो। प्रहरीले कर्तव्यपालना गर्ने क्रममा कुनै पनि तहबाट हस्तक्षेप नहुने बताउँदै उहाँले आपराधिक गतिविधि नियन्त्रण गर्न नेपाल प्रहरीले प्राप्त गरेको कुशलताको प्रशंसा गर्नुभयो।

गृहमन्त्री गुरुङले आमनागरिकसँगको सम्बन्धलाई थप सुमधुर बनाउँदै नागरिक र प्रहरीबीच मित्रवत् सम्बन्ध कायम राख्न शिष्ट बोली, वचन र व्यवहार आवश्यक पर्नेमा जोड दिनुभयो। उहाँले नागरिकका समस्या समाधान गर्न शिष्टताका साथ लाग्नुपर्ने बताउनुभयो। समाजले प्रहरीप्रति हेर्ने दृष्टिकोणलाई सकारात्मक परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको बताउँदै उहाँले त्यसका लागि उत्कृष्ट सेवा प्रवाह महत्वपूर्ण माध्यम रहेको धारणा राख्नुभयो।

नागरिकको सेवालाई केन्द्रमा राखेर प्रहरीले सेवा उपलब्ध गराउन सुझाव दिँदै गृहमन्त्री गुरुङले विभिन्न प्रकारका विपद् व्यवस्थापनमा प्रहरीले अग्रपङ्क्तिमा रहेर भूमिका निर्वाह गरिरहेको र आगामी दिनमा पनि गर्नुपर्ने बताउनुभयो। उहाँले प्रहरीलाई थप आत्मनिर्भर र सशक्त बनाउन साधनस्रोतयुक्त बनाउनुका साथै समयानुकूल आवश्यक तालिमको व्यवस्थापन गर्दै जाने प्रतिबद्धता जनाउनुभयो।

# उदयपुरमा एक हजार एक सय हेक्टरमा चैतेधान रोपियो

उदयपुर, १८ चैत्र। जिल्लाका विभिन्न भागका एक हजार १०० हेक्टरमा चैतेधान रोपिएको छ। जिल्ला कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सङ्गीता ज्ञावलीका अनुसार जिल्लामा एक हजार ५०० हेक्टरमा हरेक वर्ष चैते धान रोपिने गरेको छ। बाँकी ४०० हेक्टरमा पनि यसै महिना रोपाइँ पूरा हुने देखिएको उहाँले राससलाई बताउनुभयो।

"खेतमा धमाधम रोपाइँ भइरहेकाले यसै महिना पूरा हुने ठानेकी छु", उहाँले भन्नुभयो। जिल्लाका आठ पालिकामध्ये सबैभन्दा धेरै चैते धान उदयपुरगढी र रौतामाई गाउँपालिकामा भएको छ। ताप्ली गाउँपालिका, कटारी, त्रियुगा र चौदण्डीगढी नगरपालिकामा चैतेधान रोपिने गरेको छ।

# चट्याङ लागेर एक दशकमा एक हजारभन्दा धेरैको ज्यान गयो

काठमाडौं, १८ चैत्र। नेपालमा बितेको १२ वर्षमा चट्याङका घटनाबाट १ हजार ७३ जनाको ज्यान गएको छ। गृह मन्त्रालयको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रकाअनुसार २०७० सालदेखि २०८२ फागुन मसान्तसम्म देशभर ३ हजार ३८६ वट चट्याङका घटना दर्ता भएका छन्। ती घटनामा ३ हजार ४०८ जना घाइते भएका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा

–बाँकी अन्तिम पेजमा

## *वडाले गराएकको ...*

गराउन लग्ने मानिस समेत हुँदैन। त्यस्ता व्यक्तिहरुलाई राहत हुनेगरी शिविरको आयोजना गरिएको हो।'

वडा अध्यक्ष महतोले आफूले वर्षिनी कुनै न कुनै प्रकारका शिविर गर्दै आएको बताए। शिविरमा ४४ प्रकारका अति आवश्यक औषधीहरुसमेत निशुल्क वितरण गरिएको थियो। शिविरमा वरिष्ठ चिकित्सक शशी कुमार मण्डल, हाड जोर्नी तथा नसारोग विशेषज्ञ डा.रबिन मण्डल र प्रसुति रोग विशेषज्ञ डा. सविना पौडेल उपचारमा सहभागी भएका थिए। स्थानीय स्वास्थ्यचौकीका स्वास्थ्यकर्मीहरुपनि उपचारमा संलग्न थिए। शिविरमा विशेषगरेर थाइराइड, ब्लड प्रेसर, हाडजोर्नी दुख्ने विरामीको मात्रा अत्यधिक रहेको वरिष्ठ चिकित्सक शशी कुमार मण्डलले जानकारी दिए। उनले थाइराइडको कारण पनि हाडजोर्नी दुख्ने समस्या त हुन्छ। तर बुढ्यौलि लाग्नथालेपछि पनि यस्ता समस्याहरु देखिने बताए।

शिविरले आफूहरुलाई राहत मिलेको स्थानीय ७० वर्षिय बेचन धामी दनुवारले बताए। उनले भने, 'हामी बुढापाकालाई कतै उपचार गराउन लान पनि समस्या, बाहिर जानुपर्दा धेरै खर्चिलो पनि हुने। आज गाउँमै डाक्टर आएको बेला उपचार गराउँन पाएँ मलाई त औधि खुशी लागेको छ।

# एसईईको तयारी पूरा, ५ लाख १२ हजारले दिँदैछन् परीक्षा

**राष्ट्रिय परीक्षा बोर्डको अनुसार बिहीबारदेखि सुरु हुने परीक्षाको तयारी पूरा भएको हो।**

काठमाडौं, १८ चैत्र। माध्यामिक शिक्षा परीक्षा (एसईई) को तयारी पूरा भएको छ। राष्ट्रिय परीक्षा बोर्डको अनुसार बिहीबार (भोलि) देखि सुरु हुने परीक्षाको तयारी पूरा भएको हो। शैक्षिक क्यालेन्डरअनुसार चैत पहिलो साता परीक्षा हुनुपर्ने हो। तर २१ फागुनको प्रतिनिधिसभा चुनावका कारण १९ चैतमा धकेलिएको हो। 'तयारी सकिएको छ। बिहीबार परीक्षा हुन्छ। प्रदेश र जिल्लासँग हिजो भर्चुअल बैठक पनि भयो। सबै तयारी पूरा भएको ७७ वटै जिल्लाबाट जानकारी आएको छ,' परीक्षा नियन्त्रक टुकराज अधिकारीले भने।

उनका अनुसार प्रश्नपत्र र उत्तरपुस्तिका केन्द्रमा पुगिसकेको छ। केन्द्राध्यक्षहरू पनि नियुक्त भएर सम्बन्धित केन्द्रमा पुगेका छन्। परीक्षा सञ्चालनका लागि कर्मचारी र सुरक्षाकर्मीको टोली पनि खटिएको छ। यस वर्षको एसईई परीक्षा सञ्चालन गर्न १ हजार ९६६ केन्द्र कायम गरिएको छ। एउटा केन्द्र जापानमा छ। बोर्डका अनुसार ५ लाख १२ हजार ४ सय २१ विद्यार्थी एसईईमा सहभागी हुँदैछन्। जसमा २ लाख ५७ हजार ६ सय १३ छात्रा, २ लाख ५४ हजार ८ सय १ छात्र र ७ जना अन्य छन्। जापानको एभरेस्ट स्कुलबाट २३ जना विद्यार्थीले एसईई परीक्षा दिँदैछन्। पहिलो दिन भोलि अंग्रेजीको परीक्षा हुनेछ।

बोर्डका सदस्यसचिव जंगबहादुर अर्यालका अनुसार १ महिनाभित्र नतिजा सार्वजनिक गर्ने तयारी छ। 'परीक्षा सकिएको १ महिनाभित्र नतिजा सार्वजनिक गर्छौं,' उनले भने, 'परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण हुन्छ।' केन्द्राध्यक्षको निगरानीमा उत्तरपुस्तिका परीक्षण गर्ने तयारी छ। 'केन्द्राध्यक्ष हुनुहुन्छ। शिक्षकहरू पनि प्रशस्तै हुनुहुन्छ। परीक्षण गर्न कठिन हुँदैन,' उनले भने, 'केन्द्राध्यक्षकै जिम्मामा परीक्षण हुन्छ।' केन्द्रमा कम उत्तरपुस्तिका हुँदा त्रुटि पनि कम हुने विश्वास बोर्डको छ।

जुन परीक्षा केन्द्रमा शिक्षक नभएमा वा असुरक्षित महसुस भएमा शिक्षा विकास तथा समन्वय एकाइले सहजीकरण गरेर अर्को ठाउँबाट परीक्षण गर्ने व्यवस्था मिलाइएको छ। 'शिक्षक नभएको र असुरक्षित ठाउँको परीक्षण केन्द्र सार्न सकिन्छ,' परीक्षा नियन्त्रक अधिकारीले भने, 'अरूको हकमा परीक्षा केन्द्रबाट नै उत्तरपुस्तिका परीक्षण हुन्छ।' यसअघि गोप्य परीक्षण केन्द्र हुनुका साथै एउटा प्रदेशको उत्तरपुस्तिका अर्को प्रदेशमा लगेर परीक्षण गर्ने गरिएको थियो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलले १ महिनाभित्र नतिजा सार्वजनिक गर्न निर्देशन दिएका थिए र सोही अनुसार १ महिनाभित्र सार्वजनिक गर्नेगरी बोर्डले काम गरेको हो।

'पहिलेभन्दा अहिले प्रविधि फरक भएको छ। नतिजाका लागि विद्यार्थीले किन ३ महिना कुर्नु ? तीन महिनासम्म विद्यार्थीलाई तनाव हुन्छ,' मन्त्री पोखरेलले भने, 'एक महिनामात्र होइन, अझ चाँडो पनि गर्न सकिन्छ।' तीन महिनासम्म नतिजा कुर्न विद्यार्थीलाई गाह्रो हुने र अनावश्यक तयारी कक्षाको प्रेसर रोक्न छिटो नतिजा सार्वजनिक गर्ने निर्णयमा सरकार पुगेको हो। एसईईपछिको ब्रिज कोर्सजस्ता तयारी कक्षामा पनि मन्त्रालयले रोक लगाइसकेको छ।

'विद्यार्थीको रुचि अनुसार सिक्न सक्छन्। कसैले खेलकुद, कसैले म्युजिक सिक्न सक्छन्,' मन्त्री पोखरेलले भने। नतिजा मात्र होइन, डाटा इन्ट्री र पुनर्योगको काम पनि परीक्षा केन्द्रबाट नै कसरी गर्न सकिन्छ भनेर छलफल भइरहेको मन्त्री पोखरेलले बताए।

# ओझेलमा देवीदह, संरक्षण नहुँदा चराको बासस्थान मासिँदै



सिरहा, १८ चैत्र। लहान नगरपालिका–१७ स्थित धार्मिक तथा पर्यटकीय क्षेत्र देवीदहमा चराहरूको बासस्थान सङ्कटमा पर्दै गएको छ। उचित संरक्षणको अभाव, मिचाहा प्रजातिका झारपात वृद्धि र चोरीसिकारका कारण यहाँका जलपन्छीको अस्तित्व जोखिममा परेको हो। पूर्वपश्चिम राजमार्गअन्तर्गत लहान बजारबाट छ किलोमिटर उत्तर चुरेको फेदमा अवस्थित यो सिमसार क्षेत्र चराहरूको स्वर्ग मानिन्छ। पछिल्लो समय यहाँ चराको चोरीसिकार बढ्नुका साथै मिचाहा प्रजातिका झार बढ्नु, संरक्षण नहुनुलगायत कारणले बासस्थान साँघुरिँदै गएको देवीदह वन उपभोक्ता समूह तथा संरक्षण समितिका अध्यक्ष कपिलेश्वर यादवले बताए।

उनले भने, "चराको सिकार र बासस्थानको विनास अहिलेको मुख्य चुनौती हो। बजेट अभावले गर्दा हामीले पोखरीको संरक्षण गर्न सकेका छैनौँ। बनेका भौतिक संरचना पनि मर्मत गर्न सकिएको छैन।" यसअघि चराविद् ल्याएर अध्ययन गराउने पहल गरिरहेको जनाउँदै उनले त्यसपश्चात् पनि उल्लेख्य प्रगति हुन नसकेको बताए। यस तालमा साइबेरियाबाट करिब १३–४ हजार किलोमिटरको लामो यात्रा तय गरेर आएका आगन्तुक चरा र स्थानीय सिली तथा पानीहाँस प्रजातिका जलपन्छीको चहलपहल बढेको समितिका अध्यक्ष यादवले जानकारी दिए। बासस्थानको संरक्षण गर्दै प्रचारप्रसार गर्न सके पर्यटन प्रवर्द्धन हुनुका साथै स्थानीयको आयस्तर बढ्ने उनको भनाइ छ।

चराहरूलाई निर्वाध रूपमा आउनेजाने र रमाउने वातावरण मिलाउन समुदायस्तरमा सचेतना बढाउनुपर्ने स्थानीय पूर्वप्रधानाध्यापक नेपाली साहले बताए। उनले भने, "पहिले लहानको मानिक दहसहितका विभिन्न तालतलैयामा चराको प्रभावकारी र उल्लेख्य बासस्थान थियो, तर ती क्रमशः मासिँदै गएका छन्। अहिले चराको आश्रयस्थल देवीदहमा मात्र सीमित भएको छ।" पूर्वप्रधानाध्यापक साहले चराको संरक्षणका लागि स्थानीय तहले भ्यूटावर निर्माण गरिदिनुपर्ने सुझाव दिए। उनले भने, "यदि मानिसले सुरक्षित रूपमा नजिकबाट चरा हेर्ने वातावरण पाए भने उनीहरूमा चराप्रतिको स्नेह र अपनत्व बढ्छ, जसले अन्ततः संरक्षण अभियानमा ठूलो मद्दत पुऱ्याउनेछ।"

धार्मिक तथा पर्यटकीय महत्व बोकेको यस दहको संरक्षणका लागि आएका ठूला आयोजना कागजमा सीमित भएका लहान–१७ का वडाध्यक्ष प्रथमलाल चौधरीले बताए। उनका अनुसार विगतमा बजेट विनियोजन भए पनि कार्यान्वयनको अभावले देवीदह ओझेलमा परेको हो। वडाध्यक्ष चौधरीले भने, "नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले आफ्नो कार्यकालमा यस क्षेत्रमा भ्रमण गर्नुभएको थियो। त्यसपछि पोखरीको संरक्षणका लागि 'राष्ट्रपति चुरे विकास कार्यक्रम' अन्तर्गत रु एक करोड ५९ लाख बजेट विनियोजन गरिएको थियो। विसं २०७७ मा नेपाल पर्यटन बोर्डसँग पोखरीको संरक्षण र सौन्दर्यकरणका लागि रु पाँच करोड २२ लाखको महत्वाकाङ्क्षी योजना सम्झौता भएको थियो। तर, यी योजना कार्यान्वयन हुनसकेका छैनन्। सोही कारणले नयाँ पूर्वाधार बन्नुको साटो भएका पुराना संरचनासमेत अहिले जीर्ण र अधुरै अवस्थामा छन्।"

चालु आर्थिक वर्षमा मधेस प्रदेश सरकारबाट पोखरी सौन्दर्यकरणका लागि रु २५ लाख विनियोजन भएको वडाध्यक्ष चौधरीले जानकारी दिए। दहको धार्मिक गरिमालाई जोगाउन र प्रचारप्रसार गर्न लागिपरेको उल्लेख गर्दै उनले भने, "देवीदहको धार्मिक महत्वलाई उजागर गर्न हामीले यही चैत १९ गतेदेखि विष्णु महायज्ञको तयारी गरेका छौँ। यसले देवीदहको प्रचारप्रसार र संरक्षणमा ठोस सहयोग पुग्ने विश्वास लिएका छौँ।"

# गजेन्द्र नारायण सिंह अस्पतालको वर्षौं बन्द गेट खोलियो



**सुधा देव**

सप्तरी, १८ चैत्र। सप्तरी जिल्लाको राजविराज नगरपालिकास्थित गजेन्द्र नारायण सिंह सरकारी अस्पतालको पश्चिमतर्फको वर्षौंदेखि बन्द रहेको गेट मंगलबारदेखि सञ्चालनमा आएको छ। अस्पतालमा दुईवटा गेटमध्ये पश्चिमतर्फ रहेको पुरानो गेट बन्द भएपछि बिरामी र तीर्थयात्रीहरूलाई आवतजावतमा समस्या हुँदै आएको थियो। सप्तरी क्षेत्र नं २ का प्रतिनिधि सभासद् रामजी यादवको पहलमा गेट खोल्न सफल भएको राष्ट्रिय स्वतन्त्र पार्टीका युवा नेता खेलानन्द दासले बताउनुभयो।

उहाँका अनुसार, अस्पतालको दक्षिणतर्फको एउटामात्र गेट खुला हुँदा उत्तर र पश्चिमबाट आउने बिरामी र आफन्तलाई असुविधा भइरहेको थियो। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट, स्थानीय प्रशासन र चिकित्सकहरूको संयुक्त पहलपछि गेट खोल्न सम्भव भएको हो। गेट खुलाएपछि बिरामी र उनका आफन्तको आवतजावत सहज भएको छ। वर्षौंदेखि नखुलेको गेटको अवस्था जीर्ण भइसकेको थियो भने वरिपरि अनावश्यक सामाग्री, रूख र झाडीले ढाकिएको थियो। सबैको पहल र सहयोगले गेट सञ्चालनमा ल्याउन सफल भएको अस्पतालका मेसु डा. अबधेश मिश्रले जानकारी दिनुभयो।

## गौतमबुद्ध...

नियमित उडान थप सुदृढ हुनेछ", उहाँले भन्नुभयो।

उक्त पहलले लुम्बिनी केन्द्रित धार्मिक पर्यटन प्रवर्द्धनका साथै वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकका लागि सहजता ल्याउने विश्वास गरिएको छ। विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन सके क्षेत्रीय आर्थिक गतिविधि वृद्धि हुनुका साथै समग्र पर्यटन उद्योगमा सकारात्मक प्रभाव पर्ने सरोकार भएकाहरूको अपेक्षा छ।

## चट्याङ लागेर...

व्यवस्थापन प्राधिकरणका वरिष्ठ हाइड्रोलोजिस्ट राजेन्द्र शर्माकाअनुसार चट्याङका कारण वार्षिक औसत ६७ जनाको ज्यान जाने गरेको छ। मनसुन र प्रि–मनसुन अवधिमा यस्ता घटना बढी हुने भएकाले सचेतना अपनाउन उहाँको आग्रह छ। कालो बादल लाग्नु, अचानक चिसो हावा चल्नु र टाढाबाट गड्याङगुडुङको आवाज सुनिनु चट्याङ आउन लागेका प्रमुख सङ्केत हुन्। यस्तो अवस्थामा घरबाहिर ननिस्कन, रुख वा बिजुलीका पोल नजिक नजान र खेतबारीको काम तुरुन्त रोक्न शर्माको आग्रह छ।

# सुनसरीमा १९ हजार कुखुरा नष्ट

सुनसरी, १८ चैत्र। जिल्लाका विभिन्न स्थानीय तहमा किसानका कुखुरा फार्ममा बर्डफ्लू सङ्क्रमण फैलिँदै गएको छ। जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र इनरुवाका प्रमुख डा मनोजकुमार महतोका अनुसार सदरमुकाम इनरुवासहित जिल्लाका विभिन्न स्थानका कुखुरा फार्ममा बर्डफ्लू सङ्क्रमण फैलिँदै गएको हो।

इनरुवा नगरपालिका–२ कुसुमगाछीमा सुमनकुमार राईले पालन गरेका ब्रोइलर कुखुरामा सङ्क्रमण देखिएको उहाँले जानकारी दिनुभयो। इटहरी–१६ स्थित सुमन गोविन्द श्रेष्ठले पालेका स्थानीय जातका कुखुरा र हाँसमा पनि बर्डफ्लू सङ्क्रमण पुष्टि भएको डा महतोले बताउनुभयो। जिल्लाका विभिन्न ठाउँमा कुखुरा फार्म परीक्षण गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट रोग पुष्टि गरेसँगै नियन्त्रणका उपाय तीव्र पारिएको उहाँले बताउनुभयो।

# पर्सा मालपोतका कर्मचारीविरुद्ध २ करोड ९३ लाख राजस्व हिनामिनाको आरोपमा मुद्दा दायर

काठमाडौँ, १८ चैत्र। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मालपोत कार्यालय, पर्साका चार जना तत्कालीन मालपोत अधिकृत र एक जना नायब सुब्बा (स्वर्गीय) का हकदारसहित पाँच जना कर्मचारीविरुद्ध झण्डै २ करोड ९३ लाख बढी सरकारी राजस्व हिनामिना गरेको आरोपमा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ। यो घटना आर्थिक वर्ष २०७०/७१ मा मालपोत कार्यालय पर्साको रजिस्ट्रेसन फाँट 'ग' मा भएको आयोगले जनाएको छ।


आयोगले चैत्र १८ गते जारी गरेको प्रेस विज्ञप्तिअनुसार फाँटमा एकै नम्बरका दोहोरो र तेहेरो रजिस्ट्रेसन नम्बर राखी एकभन्दा बढी लिखत पारित गरिएको पाइएको छ। कम राजस्व रकमका लिखतहरू मात्र बैंक दाखिला गरी बढी राजस्व कायम भएका लिखतहरूबाट प्राप्त रकम लेखा फाँटमा नबुझाई हिनामिना गरिएको अनुसन्धानबाट खुलेको अख्तियारले जनाएको छ।

कुल २ करोड ९३ लाख ६८ हजार ५ सय ६५ रुपैयाँ राजस्व हिनामिना भएको अख्तियारको दाबी छ। आरोपपत्रमा तत्कालीन मालपोत अधिकृतहरू हरिनारायण मिश्र, भूप बहादुर बोगटी, पदम प्रसाद अर्याल र सुरेन्द्र प्रसाद राव कुर्मीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम बिगो कैद र दोब्बर जरिवाना माग गरिएको छ। यस्तै, स्वर्गीय नायब सुब्बा किरण प्रसाद उपाध्यायको हकमा उनका छोराहरू राज किशोर प्रसाद उपाध्याय, गौतम प्रसाद उपाध्याय, पशुपती प्रसाद उपाध्याय र मुरारी प्रसाद उपाध्यायबाट हिनामिना भएको कुल बिगो असुलउपर गर्न मागदाबी लिइएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए।

## गोलबजारमा 'जिवनका ...

वडा अध्यक्षहरु, स्वास्थ्य शाखा प्रमुख सरोज कर्ण, स्वास्थ्य चौकीका प्रमुखहरुको उपस्थिति रहेको थियो। परिचयात्मक कार्यक्रममा बालबालिकाहरुमा पोषणका कमिले हुने नकारात्मक प्रभावका बारेमा स्वास्थ्य सशाखा प्रमुख कर्णले जानकारी दिए। उनले बच्चाहरुलाई पाँच वर्षसम्म नियमित सन्तुलित आहार खुवाउनु पर्नु र त्यसको महत्वबारे बताए।

गोलबजार नगरपालिकामा पनि कुपोषण भएका बच्चाहरु भेटिएको बताए। उनले यो कार्यक्रमले कुपोषण न्यूनिकरणमा मदतगर्ने विश्वास व्यक्त गरे। कार्यक्रमबारे दलित विकास मञ्चका कार्यकारी निर्देशक सन्जय महराले प्रस्ट पारेका थिए।



मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)